## पूर्ण इजलास

१.

**सं.प्र.न्या. श्री मीनबहादुर रायमाझी, मा.न्या. श्री बलराम के.सी., मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको नि.नं. ११२९, लिखत बदर, दर्ता बदर दर्ता, *प्रमोदकुमार चौधरी वि.विनोदकुमार चौधरी*

एकै पटक दर्ता भएका वा अघि पछि दर्ता भए पनि मुद्दाको प्रकृतिको आधारबाट लगाउमा रहनु पर्ने देखिएमा पक्षको निवेदन वा अदालतको आदेशबमोजिम लगाउ रहेका मुद्दा / निवेदनमा कर्मचारीको भूल वा अन्य कारणबाट एउटामा तारीख दिएको र अर्कोमा तारीख दिन छुटेमा तारीख लिन छुटेको कारण उत्पन्न हुने परिणामबाट पक्षलाई असर पर्नु हुँदैन । लगाउको मुद्दामा पनि तारीख दिनु पर्ने नदिएको अवस्थामा त्यस्तो त्रुटि सच्याउन पर्ने हुन्छ । तर अदालतमा उपस्थित भई एउटा मुद्दामा तारीख लिई लगाउ नभएका अरु मुद्दामा तारीख लिन छुट भएकोमा पक्षको भनाईको आधारमा लगाउमा नरहेका मुद्दामा गुज्रेको तारीख जहिलेसुकै पनि थामिन सक्छ भन्ने अर्थ गर्नु कानूनको उद्देश्यअनुरूप हुँदैन । यस्तो काम कारवाहीलाई मान्यता दिदै जाने हो भने न्यायिक प्रक्रियामा जटिलता थपिन जान्छ ।

अदालतको कर्मचारीले तारीख नदिएको वा अदालत व्यवस्थापनको कमजोरीका कारण पक्षको तारीख गुज्रन गएको अवस्था नभै मुद्दामा तारीख तोकिएको दिन र समयमा फाँटमा पक्ष वा वारेस नगै भूलबाट तारीख गुज्रन गएछ भनी लामो समयपश्चात् तोकिएको तारीखका दिन अदालतमा अन्य सम्बन्धित मुद्दामा उपस्थित भएको प्रमाण प्रस्तुत गरेको आधारमा तारीख थाम्ने कार्य मुद्दामा तारीखको अबधारणा विपरीत हुन जाने ।

इजलास अधिकृतः कृष्णराम कोइराला

इति संवत् २०६५ साल पौष ३ गते रोज ५ शुभम् ।

२.

**सं.प्र.न्या. श्री मीनबहादुर रायमाझी, मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६५-RV-१८६, पुनरावलोकन गरिपाऊँ, निर्णय बदर हक कायम, *सुन्दरबहादुरको मु.स.गर्ने महेशकुमार गोर्खाली वि.कृष्णलाल गोर्खाली*

२०२७।१।२९ मा कृष्णलालले जग्गा दर्ता गर्न भूमिप्रशासन कार्यालय काठमाडौंमा निवेदन दर्ता गरी जग्गा दर्ता सम्बन्धमा सूचना प्रकाशित भएकोमा सो सूचनाउपर कसैको निवेदन नपरेबाट विवादित जग्गा कृष्णलालका नाममा दर्ता हुनुका साथै आफ्ना नाममा नक्सापास गरी घर बनाई २०३२ सालमा सर्भे नापी हुँदा समेत कृष्णलालकै नाममा नापी भई निजले नै भोग बसोबास गरी बसेको र विवाह खर्च भनी छुट्याइएको भनेको सम्पत्ति अबण्डा रहेको भन्ने नदेखिएको अवस्थामा नेकाप २०६४, निर्णय नं. ७८७३ प्रतिपादित सिद्धान्त प्रतिकूल भएको देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम पुनरावलोकन गरी हेर्ने अनुमति प्रदान गरिएको छ ।

इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६५-RV-२३२, पुनरावलोकन गरिपाऊँ, निर्णय बदर हक कायम *कृष्णलाल गोर्खाली वि. सुन्दरबहादुरको मु.स. गर्ने महेशकुमार गोर्खाली* भएको मुद्दामा यसैअनुरुप आदेश भएको छ ।

३.

**सं.प्र.न्या. श्री मीनबहादुर रायमाझी, मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावलोकन निवेदन नं.२०६५-RV-०११८, पुनरावलोकन गरिपाऊँ, उत्प्रेषण, *गुठी संस्थान र आफ्नो हकमा समेत सेमन्तराज चापागाई वि. अधिवक्ता प्रकाशमणि शर्मा समेत*

सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम अदेशलाई पुनरावलोकन गर्ने निस्सा दिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को परिधिभित्र सिमाबद्ध रहनु पर्दछ । निवेदकले पुनरावलोकनको लागि आधार मानेको सो ऐनको दफा ११(१)(ख) मा वर्णित व्यवस्थाले दुई प्रतिकूल नजीर वा कानूनी सिद्धान्त एकसाथ जीवित रहन नसकून् भन्ने अभिप्राय बोकेको छ । पहिले स्थापित कानूनी सिद्धान्त वा नजीर पछिल्लो सिद्धान्त वा नजीर प्रतिकूल भएको देखिएमा मात्र पछिल्लो निर्णय वा आदेश पुनरावलोकनयोग्य हुने हो । पहिले र अहिलेको कानूनी सिद्धान्त वा नजीरको बीचमा सार्थक समानता भएमा मात्र पछिल्लो विषय पुनरावलोकनयोग्य हुने हो । पहिलेको सिद्धान्त वा नजीरको मान्यतालाई यथावत कायम राख्दै नयाँ विषय र नयाँ सन्दर्भमा सर्वोच्च अदालतले कुनै कानूनी सिद्धान्त वा नजीर प्रतिपादन गर्दछ भने त्यसलाई प्रतिकूल निर्णय भएको मानी पुनरावलोकनयोग्य मान्न उल्लिखित दफा ११(१)(ख) ले मिल्दैन । साविकमा कायम रहेका नजीर वा सिद्धान्तलाई पुनरावलोकनका लागि माग गरिएको सिद्धान्त वा नजीरले के कसरी प्रतिकूलता सिर्जना गऱ्यो भन्ने कुरा निवेदकले नै देखाउन सक्नुपर्ने ।

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

४.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५-wo-०४८६, उत्प्रेषण, *अधिवक्ता श्रीकृष्ण सुवेदी वि. रक्षा मन्त्रालय समेत*

अन्तरिम आदेश कानून विपरीतको कार्य हुन लागेको आशंका भएमा तत्काल त्यसलाई नरोके निवेदकलाई अपूरणीय क्षति हुन जाने अवस्था देखिएमा जारी गरिने हो । सम्पन्न भैसकेको कार्य रोक्ने आदेश जारी गर्नुको कुनै औचित्य रहँदैन ।

प्रस्तुत विवादमा निवेदकले उठाएको प्रश्न भर्नासम्बन्धी सूचनाबमोजिम अधिकांशले भर्ना प्रक्रिया पूरा गरी नियुक्तिपत्र पाइसकेको भन्ने कुरा विपक्षीबाट पेश गरेको कागजातबाट खुल्न आएको अवस्था छ । नियुक्तिपत्र पाई कार्य सम्पन्न भैसकेको हकमा सुविधा र सन्तुलनका दृष्टिले अन्तरिम आदेश जारी हुने अवस्थाको विद्यमानता नहुँदा अन्तरिम आदेश जारी गर्नु औचित्यपूर्ण एवं उपयुक्त देखिएन । परन्तु २०६५।७।१७ को सूचनाबमोजिम प्रस्तुत रिट निवेदन दायर हुनुअघि नियुक्ति पाउन बाँकी भएकाका हकमा समेत, थप सैन्य भर्ना सम्बन्धमा विस्तृत शान्ति सम्झौताको दफा ५.१.२, अन्तरिम संविधान, २०६३ को धारा १४४ र १४७ मा भएका व्यवस्थालाई समेत मध्यनजर गरी ती प्रावधानहरूको विपरीत हुने गरी थप सैन्य भर्ती (नियुक्ति) नगर्नु भनी विपक्षीहरूका नाउँमा रिट निवेदनको अन्तिम सुनुवाई हुँदा ठहरेबमोजिम हुने गरी हाललाई उपर्युक्तबमोजिमको अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६५ साल फागुन ३० गते रोज ६ शुभम् ।

५.

**मा.न्या. श्री बलराम के.सी., मा.न्या. श्री रणबहादुर वम र मा.न्या.श्री प्रकाश वस्ती,**

पुनरावलोकन निवेदन नं. २०६३-RV-०१५५, पुनरावलोकन गरिपाऊँ, उत्प्रेषण, *भीमप्रसाद लामिछाने वि. जिल्ला शिक्षा कार्यालय हुम्ला समेत*

निवेदकलाई नोकरीबाट हटाउने गरी निमित्त शिक्षा अधिकारीद्वारा दिइएको पत्र अड्डा प्रमुखको अनुपस्थितिमा केही समयको लागि मात्र सामान्य दैनिक काम सुचारु रुपले चलाउनसम्म निमित्त भै काम गर्ने कर्मचारीलाई सामान्य प्रशासकीय काम सरह सजायको आदेश गर्ने समेतको अधिकार प्राप्त छ भन्न नमिल्ने भनी *शिवकुमार खत्री विरुद्ध मालपोत कार्यालय धनुषा समेत* भएको उत्प्रेषण समेतको मुद्दामा कायम भएको सिद्धान्त प्रतिकूल रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्ने अनुमति पाउने ।

इति संवत् २०६६ साल असार १२ गते रोज ६ शुभम् ।

६.

**मा.न्या. श्री रामकुमारप्रसाद शाह, मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-RV-०१८५, पुनरावलोकन गरिपाऊँ, उत्प्रेषण *रामप्रसाद भट्टराई वि.प्रमुख भन्सार अधिकृत कैलाली समेत*

कर्मचारीलाई विभागीय सजाय गर्दा तह तह उठेको टिप्पणीमार्फत निर्णय गरी गरेको निर्णय कानूनसम्मत नहुने सम्बन्धमा यस अदालतका विभिन्न इजलासबाट २०६३ सालको रिट नं. ०६५९, *गुरुप्रसाद त्रिपाठी वि.प्रमुख भन्सार अधिकृत* तथा २०६३ सालकै रिट नं.०६६०, *ध्रुवबहादुर महत वि.प्रमुख भन्सार अधिकृत समेत* भएको मुद्दा समेतमा पृथक पृथक सिद्धान्त अंगीकार गरेको परिप्रेक्ष्यमा ती निर्णय सिद्धान्तसमेतको प्रतिकूल हुने गरी निवेदन खारेज गरेको यस अदालत संयुक्त इजलासको मिति २०६५।३।३ को आदेशमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) को अवस्था विद्यमान रहेको देखिँदा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०६६ साल साउन ८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१.

**सं.प्र.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री बलराम के.सी.**, २०६५ सालको रिट नं. ०६५-WO-०००६, उत्प्रेषणयुक्त परमादेश, *अधिवक्ता बालकृष्ण नेउपाने वि. राष्ट्रपति डा. रामवरण यादव, राष्ट्रपतिको कार्यालय समेत*

उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नुअगाडि पद तथा गोपनीयताको शपथ लिनुपर्ने कानूनी व्यवस्था भएकोमा शपथको भाषा हिन्दी भएको हिन्दी भाषा पनि नेपालीले बुझ्ने राष्ट्र भाषाकै रुपमा पर्दछ तसर्थ हिन्दी भाषामा लिएको शपथलाई अन्यथा मान्न नमिल्ने भन्ने भनाई रहेबाट भाषाको कुरोमा बाहेक अन्तरिम संविधानको व्यवस्थाबमोजिम पद तथा गोपनीयताको शपथ लिनुपर्ने तथ्यलाई स्वीकार नै गरेको देखिँदा शपथको उद्देश्य र आवश्यकतातर्फ विशेष चर्चाको आवश्यकता नआउने ।

नेपालको अन्तरिम संविधानको धारा ३६छ (२) ले राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्य अर्थात अन्तरिम संविधानको धारा ३६क(३) को व्यवस्थाबमोजिम संविधानको संरक्षण र पालना गर्नुपर्ने उपराष्ट्रपतिलाई राजनीतिक गतिविधिमुक्त राख्ने संविधानको स्पष्ट उद्देश्य हुँदा उपराष्ट्रपतिले आफूलाई राजनीतिक व्यक्तिको हैसियतमा राख्नु उचित देखिन नआउने ।

संविधान एवं कानूनले राष्ट्रपतिलाई विशेषाधिकार (Privilege) वा उन्मुक्ति (Immunity) प्रदान नगरेको अवस्थामा राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्य सम्पन्न गर्ने उपराष्ट्रपतिलाई

कानूनविपरीत भएका कार्यका सम्बन्धमा अदालती कारवाहीबाट उन्मुक्ति प्रदान गरेको भन्न सकिने अवस्था भएन । त्यसमा पनि उपराष्ट्रपति विपक्षी मात्र नभै निवेदन दावीबाट प्रस्तुत विवादको निर्णयबाट असर पुग्न सक्ने व्यक्ति भएबाट उपराष्ट्रपतिबाट लिखित जवाफ माग गर्न नमिल्ने भन्ने भनाई विशेषाधिकार (Privilege) वा उन्मुक्ति (Immunity) को अभावमा र अर्का पक्षको कुरा सुन (Audi Alterm Partem) भन्ने प्राकृतिक न्यायको स्वर्णिम सिद्धान्तबाट मिल्ने देखिन नआउने ।

शपथ पूरा हुन कानूनले तोकेको अधिकारी समक्ष वाचन अनि सही दुवै आवश्यक हुन्छ । संविधानले तोकेको पदाधिकारी अर्थात राष्ट्रपतिसमक्ष शपथग्रहण समारोहमा अनुसूची-१क को देवनागरी लिपिको नेपाली भाषाको व्यहोरा नपढिएको अवस्थामा सही गरेको भन्ने भनाईबाट उपराष्ट्रपतिले २०६५।४।८ मा हिन्दी भाषामा राष्ट्रपतिसमक्ष लिनु भएको हिन्दी भाषाको शपथ माथि उल्लेख गरिएका कारण र आधारसमेतबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६झ(२) एवं अनुसूची-१क प्रतिकूल हुनुको साथै नेपालको अन्तरिम संविधान, २०६३ को भावना विपरीत भै संविधान अनुकूल देखिन नआउने ।

इति संवत् २०६६ साल साउन ९ गते रोज ६ शुभम् ।

२.

**का.मु.सं.प्र.न्या. श्री अनूपराज शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ** फौ.पु.नं. ०६४-CR-०४५४, जवर्जस्ती करणी, *नेपाल सरकार वि.टेकबहादुर क्षेत्री*

प्रतिवादीले जवर्जस्ती करणीका लागि सम्पूर्ण प्रयास गरेको, त्यसमा कहीँ कतैबाट हस्तक्षेपसमेत नभएको, तर बालिकाको उमेर अत्यन्त कम भएकै कारणले मात्र योनीभित्र लिङ्ग प्रवेश नगरेको अवस्थालाई अपराधको गम्भीरता घटाउने आधार बनाउन नमिल्ने ।

योनीभित्र लिङ्ग प्रवेश नभएको कारणले मात्र पीडित पक्षले कम पीडा भोग्नु परेको वा निजको सामाजिक इज्जत प्रतिष्ठा वा निजको मानसिक स्वास्थ्यमा कम असर परेको अवस्था हुँदैन भन्ने यथार्थलाई बुझ्न नसक्नु भनेको करणीसम्बन्धी अपराधको गम्भीरता र त्यसको प्रभावलाई बुझ्न नसक्नु हो ।

बालिकालाई करणी गर्नका लागि सम्पूर्ण प्रयासका बाबजुद पनि बालिकाको उमेर अत्यन्त कम भएकै कारणले गर्दा बालिकाको योनीभित्र लिङ्ग प्रवेश नगरेकै आधारमा निजको क्रियालाई जवर्जस्ती करणीको उद्योगका रुपमा मात्र सीमित गराउन नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल असार २ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री खिलराज रेग्मी**, २०६४ सालको रिट नं. ०४१९, उत्प्रेषण, *मनकुमार लिम्बु थेवे वि. शकुन्तला सुब्बा (लिम्बु) समेत*

फैसला कार्यान्वयनको सन्दर्भमा भएका आदेशमा कानूनी त्रुटि वा अधिकारक्षेत्रात्मक त्रुटि रहेको भन्ने निवेदन दावी नभएको अवस्थामा जग्गा मूल्याङ्कनको विषयमा असाधारण अधिकार क्षेत्रबाट तथ्यभित्र प्रवेश गरी हेर्न उपयुक्त नहुने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति संवत् २०६५ साल चैत्र १६ गते रोज १ शुभम् ।

२.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री कल्याण श्रेष्ठ**, २०६५ सालको रिट नं. ०६५-WH-००४१, बन्दीप्रत्यक्षीकरण, *मदनमोहन चौधरी वि. जिल्ला प्रहरी कार्यालय सप्तरी समेत*

चित्त नबुझे कानूनबमोजिम पुनरावेदन गर्नसक्ने कानूनी व्यवस्था भएको सन्दर्भमा कानूनले निर्देश गरेको मार्ग अवलम्बन नगरी पुनः सोही विषयमा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गरेको देखिँदा सही मार्ग अवलम्बन गरेको अवस्था नदेखिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ साल वैशाख ६ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ**, २०६१ सालको रिट नं. ३४२६, परमादेश, *मनोजकुमार उपाध्याय वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ६ बमोजिम निवेदकले राजश्व न्यायाधीकरण काठमाडौंमा पुनरावेदन गरी प्रस्तुत विवाद राजश्व न्यायाधीकरणमा विचाराधीन रहेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ साल वैशाख ७ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ**, २०६२ सालको रिट नं. ०६५-WH-००५३, वन्दीप्रत्यक्षीकरण, *राकेशकुमार शाह वि. काठमाडौं जिल्ला अदालत समेत*

नाबालक गणेश अधिकारीलाई बाल सुधारगृह भक्तपुरमा राख्न पठाइएकोमा स्थान अभावको कारण देखाई फिर्ता आएको अवस्थामा बालबालिकासम्बन्धी ऐनको दफा ५० को कानूनी व्यवस्थाबमोजिम विपक्षीहरूले नावालकको बाबु, आमा, नातेदार, वा संरक्षकको जिम्मा लगाई वा बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्थामा राख्नुपर्नेमा सो केही नगरी केवल एउटा बाल सुधारगृहमा स्थान अभावको कारण देखाई अनुसन्धानको प्रयोजनको निमित्त अरु उमेर पुगेका व्यक्तिहरू साथै प्रहरी हिरासतमा राख्ने विपक्षीको कार्यलाई कानूनम्मत भएको भन्न नसकिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ साल वैशाख ७ गते रोज २ शुभम् ।

५.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको फौ.पु.नं. ३३७४, ३३९७, खून डाँका, *समीम दर्जी मुसलमान वि. नेपाल सरकार*

साविती बयान र डाँका वारदातमा प्रयोग गरिएको कट्टा बन्दुक, गोली तथा डाँका गरी लगेको घडी, सिक्री मौकैमा बरामद भएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिएको हुँदा प्रतिवादीहरूले वारदात घटाएका होइनन् भन्न नसकिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६५ साल चैत्र ९ गते रोज १ शुभम् ।

६.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको फौ.पु.नं. ३४११ र ३३९१ डाँका, *जाकिर हुसेन मुसलमान वि.नेपाल सरकार*

वारदातमा संलग्न नभएको भन्ने कुरालाई पुष्टि गर्ने ठोस सवुद प्रमाण पेश गर्न नसकेको, मिसिल संलग्न रहेको वरामदी मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा आइगरेको वकपत्र, अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साविती बयानसमेतका आधारमा डाँका चोरी गरेको होइन भन्न सकिने अवस्था नदेखिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६५ साल चैत्र ९ गते रोज १ शुभम् ।

७.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको फौ.पु.नं. ३४१० र ३३९२ डाँका, *जाकिर हुसेन मुसलमान वि.नेपाल सरकार*

जाहेरवाला अदालतमा उपस्थित भै आफ्नो किटानी जाहेरीलाई समर्थन हुने गरी वकपत्र गरिदिएको, मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदन, लाश जाँच मुचुल्कासमेतले निजहरूको अधिकार प्राप्त अधिकारीसमक्षको साविती वयानलाई पुष्ट्याई गरिरहेको अवस्थामा प्रतिवादीहरूले अदालतमा वयानमा इन्कारी रही बयान गरेता पनि मिसिल संलग्न प्राप्त हुन आएका तथ्ययुक्त प्रमाणबाट निजहरूले खूनडाँका अपराध गरेको होइन भन्न सकिने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६५ साल चैत्र ९ गते रोज १ शुभम् ।

८.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको फौ.पु.नं. ३४०८, ३४०९ खून डाँका र गौवध, *जाकिर हुसेन मुसलमान वि.नेपाल सरकार*

घटनास्थल एवं लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा आई आफ्नो भनाईलाई समर्थन गर्ने गरी गरेको वकपत्र, अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साविती बयानसमेतका आधारमा प्रतिवादीहरूले अभियोग दावीबमोजिमको वारदात गरी निजहरूले चलाएको गोलीबाट मृतकहरूको मृत्यु हुनुका साथै धनमालसमेत डाँका गरी लगेको हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद हुने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६५ साल चैत्र ९ गते रोज १ शुभम् ।

**९.**

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु. नं.०८३८, सेवा प्रवेशका लागि झूठा शैक्षिक योग्यता प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *महेशप्रसाद यादव वि. नेपाल सरकार*

जुन निकायबाट निवेदकले प्राप्त गरेका भनिएका शैक्षिक योग्यताका प्रमाणपत्र हुन् सोही निकायबाट गलत भएको, जाली भएको भनी प्रमाणीकरण गरेको अवस्था भएबाट आधिकारीक निकायले प्रमाणीकरण गरेको कुरालाई प्रमाणले पुष्टि गरी अन्यथा नभएको स्थितिमा गलत हो भन्न मिल्दैन । पुनरावेदक स्वयम्ले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्र निजले पेश गरेको र रोल नं. सम्बन्धमा वोर्डबाट नै भूल भएको भन्ने भनाई उल्लेख गरेता पनि सम्बन्धित वोर्डबाट नै सो योग्यताको प्रमाणपत्र गलत एवं जाली भन्ने उल्लेख भै आएबाट प्रतिवादीले आरोपपत्र मागबमोजिमको कार्य गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अन्तर्गतको कसूर गरेकोमा निजलाई दफा १२ एवं दफा २९(२) बमोजिम रु.२०००।- जरीवाना हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल माघ २४ गते रोज ६ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निणय भएका छन् :

- २०६१ सालको फौ.पु. नं.३१८६, भ्रष्टाचार, *अमर प्याकुरेल वि. नेपाल सरकार,*
- २०६२ सालको फौ.पु. नं.३५६०, भ्रष्टाचार, *रमेशचन्द्र गुप्ता वि. नेपाल सरकार*

**१०.**

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती**, २०५९ सालको दे.पु.नं. ९०७६, निषेधाज्ञा परमादेश, *विश्वनाथ केडिया वि. आन्तरिक राजश्व कार्यालय पर्सा समेत*

कानूनबमोजिम आयकर छुट पाएको उद्योगले गरेको आ.व.२०५४।०५५ को आयबाट वितरण गरेको मुनाफाको हिस्सामा आर्थिक ऐन, २०५४ को अनुसूची ७ को दफा ४० बमोजिम लाभांश कर लगाउन कानूनतः मिल्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ साल बैशाख १० गते रोज ५ शुभम् ।

११.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको रिट नं. WO ०३६७, उत्प्रेषणयुक्त परमादेश, *श्रीमती सागर थापा वि. काठमाडौं जिल्ला अदालत समेत*

एक पटक कानूनबमोजिम निवेदक स्वयंले बिगो भराई पाउन गरेको दर्खास्तमा उल्लेख भएकै सम्पत्ति दोस्रो पटक रीतपूर्वक लिलाम भै निवेदकले नै बढी रकम धरौटी समेत राखी लिलाम स्वीकारेको र २०६३।७।२४ मा भएको उक्त लिलामउपर कुनै उजूर नपरी अन्तिम भै बसेको, त्यस्तो अन्तिम भै बसेको विषयमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी अदालत प्रवेश गरेको देखिंदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २९ गते रोज ५ शुभम् ।

१२.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको रिट नं. WO ०८७८, उत्प्रेषणयुक्त परमादेश, *सुदिस दास तत्मा वि. पुनरावेदन अदालत हेटौंडा समेत*

फैसला कार्यान्वयनको सम्बन्धमा अदालतबाट भएको आदेश एवं फैसलाबमोजिम सहयोग नगरी निर्णित विषयमा पटक - पटक उही प्रश्न उठाई असाधारण अधिकारक्षेत्रको मार्गप्रशस्त हुन नसक्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २९ गते रोज ५ शुभम् ।

१३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, २०६३ सालको रिट नं. ३५६२, उत्प्रेषणयुक्त परमादेश, *रमानन्दी देवी झा वि. गोपाल झा समेत*

लेनदेन मुद्दामा भएको फैसलाबमोजिमको बिगो रकम भराई पाउन वादीको दर्खास्त परी सो कुराको जानकारी प्रतिवादी निवेदकलाई दिई तोकिएको म्यादभित्र बिगो रकम दाखिल गर्न नसकेको अवस्थामा वादीले दर्खास्तमा उल्लेख गरेको प्रतिवादीको नाममा रहेका जग्गाको स्थानीय प्रतिनिधिसमेतको रोहवरमा पञ्चकृते मूल्याङ्कन एवं जायजात तायदात मुचुल्का भएको र पहिलो पटकको डाँक लिलाममा कसैले नसकारेको अवस्था रही दोस्रो पटक वादी स्वयंले सकारी फैसला कार्यान्वयनमा त्रुटि रहेको अवस्था नदेखिएको एवं कानूनले निर्देश गरेको मार्ग अवलम्बन गरिसकेको अवस्था रहेबाट प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २९ गते रोज ५ शुभम् ।

१४.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको रिट नं. WO ०५३८, उत्प्रेषणयुक्त परमादेश, *तेजनाथ पौडेल वि. रक्षा मन्त्रालय समेत*

गृह मन्त्रालयमा निवेदन दिएको भन्नेसम्मको भनाई रहेको, आफूले दिएको भनेको निवेदनको प्रमाण आफैसँग नभएको वेप्रमाणिक कुरा पत्यारलायक नदेखिएको समेतबाट प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २९ गते रोज ५ शुभम् ।

१५.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु. नं.०५३६, कर्तव्य ज्यान, *सत्यनारायण मण्डल वि. नेपाल सरकार,*

पछाडिबाट निस्की लुकी आई पछाडिबाट तरवारले हानेको अवस्थामा ज्यानसम्बन्धी महलको ७(१) ले व्यवस्था गरेको आत्मरक्षाको लागि आवश्यक पर्ने पूर्वावस्था समेतको विद्यमानता नदेखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको ७ नं. ले व्यवस्था गरेको आत्मरक्षाको सुविधा प्रदान गर्न नसकिने हुँदा ज्यानसम्बन्धीको १ नं. को कसूरमा ऐ १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २८ गते रोज ४ शुभम्।

१६.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु. नं. ०५३१, कर्तव्य ज्यान, *रेम्बोबहादुर तामाङ्ग वि. नेपाल सरकार,*

रिस थाम्न नसकी लाठीले टाउकोमा हानेको चोटबाट मृत्यु भएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ फागुन २८ गते रोज ४ शुभम्

१७.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं.०२२५, जीउ मास्ने बेच्ने,*रेणुका लामा वि नेपाल सरकार,*

प्रहरीसमक्ष गरेको बयान एवं अदालत समक्ष गरेको बयानमा यी प्रतिवादी पनि साथै गएको भनी उल्लेख गरेको, पीडितले यी प्रतिवादी समेत भै निजलाई बिक्री गरेको कुरा अदालतसमक्ष उपस्थित भै गरेको वकपत्र तथा सो वकपत्रलाई प्रतिवादीबाट अन्यथा भनी सबुत प्रमाणबाट पुष्टि गर्न नसकेको र पीडितको ब्रथेलबाट उद्धार भएको तथ्य माइती नेपालको पत्र समेतबाट पुष्टि भएको तथ्यबाट पीडितको बिक्री भएको र सो कार्यमा यी प्रतिवादीको संलग्नता पुष्टि भएको अवस्थामा प्रतिवादीलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम कैद वर्ष १५ सजाय हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २८ गते रोज ४ शुभम्।

१८.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको फौ.पु.नं. CR०२९७, CR००२८, जवर्जस्ती करणी, *दिनेश जैसी समेत वि. नेपाल सरकार*

प्रतिवादीहरू दुवैले आरोपित कसूर गरेको पुष्टि भएको अवस्थामा २ जनामात्र कसूरमा संलग्न भएकोमा सामूहिक भन्न दुवै जनाले सामूहिक रुपमा पीडितलाई करणी गरेको अवस्था भएबाट प्रतिवादीहरूलाई जवर्जस्ती करणीको ३(३) नं. बमोजिम जनही ६ वर्ष र ३(क) बमोजिम थप जनही ५ वर्ष गरी जनही जम्मा ११ वर्ष कैद र १० नं. बमोजिम प्रतिवादीहरूको आधा अंश पीडितले भराई पाउने ।

इजलास अधिकृतःकविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २८ गते रोज ४ शुभम्

१९.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको रिट नं.३१८३, उत्प्रेषणयुक्त प्रतिषेध, *जगन्नाथ अधिकारी वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

२०४३ सालमा मालपोत कार्यालयले निवेदकहरूका नाममा विवादित जग्गा दर्ता गरी दिएको सो दर्ता गर्दा २०२५।१।१२ को हाल आवादी दर्ता समिति सर्लाहीको निर्णय एवं तिरो तिरेको रसिदसमेतका आधारमा दर्ता भएको विषयको विवेचना गरी २०५९ सालमा फैसला भएको सन्दर्भमा सो फैसला निष्क्रिय बनाउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ऐनको दफा १२(ख) को

अधिकारक्षेत्र ग्रहण गरेको विषय सान्दर्भिक देखिन नआउने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २९ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६३ सालको रिट नं. ०२५०, *हरिकुमार शर्मा समेत वि.अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२०.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, २०६५ सालको फौ.पु.नं.००६३, कर्तव्य ज्यान, *साइली स्याङतान समेत वि. नेपाल सरकार*

प्रत्यक्षदर्शी जसले मौकामा आफूले तथ्य व्यक्त गरेको छ, सो अवस्था र लाश प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदनसमेतबाट झुण्डी मरेको अवस्था पुष्टि हुन नसकेको अवस्था हुँदा जग्गाको विषयमा प्रतिवादीहरू र मृतकबीच झगडा भै प्रतिवादीहरूकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आउँदा प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २८ गते रोज ४ शुभम् ।

२१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०६० सालको दे.पु.नं. ९०२८, सार्वजनिक इनार बाटो खुलाई पाऊँ, *जगरनाथ राय यादव वि. राममंगलप्रसाद सिंह*

नापी, खरिद र भोगमा कायम रहेको जग्गामा नरबढी रहेको जग्गा ससीम प्रकृतिको जग्गा रहेको स्थितिमा नरबढी कायम गरी सकेको मालपोत कार्यालयको निर्णयसमेत स्पष्टै रहेको अवस्थामा त्यस्तो नरबढी जग्गा जति सार्वजनिक कायम हुने भन्न नमिल्ने ।

इजलास अधिकृत : काजीबहादुर राई

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६५ साल चैत २४ गते रोज २ शुभम् ।

२२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रेम शर्मा**, २०६२ सालको दे.पु.नं. ८४९२, अपुताली हक कायम नामसारी, *नेत्रकुमार दुवे वि. निर्मला देवी दुवे समेत*

**मा.न्या.अनूपराज शर्माको राय**

जुन व्यक्ति मरी अपुताली परेको हो निजको आफ्नै पुरुषतर्फको हाँगामा मर्नेको मूल पुरुषतर्फको हाँगामा सन्तान भए मर्नेको मूल पुरुषको अरु हाँगाको हकवाला नजिक हुने देखिन्न । मृतक योगेन्द्रनाथ दुवे र रामरती दुवाईनको नजिकको हकवाल निजको जीवित छोरा नेत्रकुमार दुवे हुँदाहुँदै वुहारी नाति नाताका यी वादीहरूले अपुताली पाउन सक्ने अवस्था नदेखिँने ।

**मा.न्या.प्रेम शर्माको राय**

अ.वं. १८० नं. बमोजिम दावी खारेज हुने ठहऱ्याई अन्य वादीहरूको हकमा वादी दावीबमोजिम छुट्ट्याइएको वण्डा मुचुल्कालाई आधार मानी सो वण्डा मुचुल्का भएको जग्गामा रामरती तथा योगेन्द्रनाथको अंश भागमा परेको हाल दर्ता रहेको सम्पत्तिमा वादी दावीबमोजिम २ भागको १ भाग अपुताली हक कायम गराई पाउने ठहर हुने ।

प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३.१(क) बमोजिम पूर्ण इजलासमा पेश गर्ने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६५ साल माघ १५ गते रोज ४ शुभम् ।

२३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०५७ सालको दे.पु.नं. ७३७१, सार्वजनिक हक कायम खिचोला मेटाई चलन, *वौवालाल साहू वि.विश्वनाथ साह रौनियार समेत*

सार्वजनिक रुपमा भोगचलनमा छाडिएको पोखरीमा व्यक्ति विशेषको हक स्वामित्व कायम नरहने भै सामाजिक भोगचलन र उत्तरदायित्वमा रहने हुँदा त्यस्तो सामाजिक भोगचलनको पोखरी वा जग्गा कुनै व्यक्ति विशेषले खिचोला गर्न आएमा अदालतको अनुमति लिई त्यस्तो सार्वजनिक सम्पत्ति सम्बन्धमा उजूर गर्न पाउने हक जोसुकै नेपाली नागरिकलाई हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम् ।

यसै उगाउका निम्न मुद्दाहरूमा यसैअनुरुप निर्णय भएका छन्:

- २०५७ सालको दे.पु.नं. ७३७०, निर्णय बदर दर्ता बदर, *धनेश्वर साहु समेत वि. विश्वनाथ साह रौनियार*
- २०५७ सालको दे.पु.नं. ८५३९, क्षतिपूर्ति, *वौवालाल साह समेत वि. वौवालाल मण्डल* समेत

## इजलास नं. २

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६३ सालको दे.पु.नं. ०६३ CI ०५०६ स्रेस्ता बदर, दर्ता बदर गरी सार्वजनिक कायम, *जोगी राउत अहिर वि. वनवारी राउत अहिर*

मालपोत कार्यालयले स्पष्ट आधार र कारण नखोली विवादित जग्गा स्रेस्तामा समावेश गरेको देखिँदा उक्त दर्ताले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृतः बिदुर कोइराला

इति संवत् २०६६ साल बैशाख १३ गते रोज १ शुभम् ।

२.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको साधक नं. RC ०९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भोलाप्रसाद शर्मा*

जानाजान खुकुरीले घाँटी छिनाई हत्या गरेको पुष्टि हुन आएको अवस्थामा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

आफ्नी श्रीमतीले परपुरुषसँग अनैतिक सम्बन्ध राखेको भ्रम सिर्जना भई खुकुरीले निजलाई प्रहार गर्न पुगेको तथ्य उल्लेख गर्दै आफूले श्रीमतीलाई मार्नुपर्ने कुनै रिसइवी र पूर्वयोजना नभएको तर कोठामा सँगै रहेका बखत श्रीमतीप्रति भ्रम उत्पन्न भई अनायासै प्रहार गर्न पुगेको भन्दै मृतकलाई कर्तव्य गरी मारेकोमा हाल पश्चाताप् लागेको भन्ने भनाईका आधारमा ठहरेबमोजिम चर्को पर्ने देखिँदा अ.वं. १८८ नं. वमोजम कैद वर्ष ८(आठ) मात्र सजाय हुने ।

इजलास अधिकृत : बिदुर कोइराला

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६५ साल फागुन २२ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६३ सालको फौ.पु.न. ३९४, लागू औषध खैरो हिरोइन, *नेपाल सरकार वि. राजेश्वर गिरी*

यो यस्तो किसिमबाट लागू औषध खैरो हिरोइन संचय गर्न अनुमति दिएको तथा यस कार्यमा संलग्नता रहे भएको भनी तथ्यसहित वादीले जिकीर लिन र सोलाई पुष्टि गराउन नसकेको र प्रतिवादी बनाई अभियोग दायर पनि नगरेको अवस्थामा प्रतिवादीलाई कसूर ठहर भएकै कारणले मात्रै निजले भाडामा लिई प्रयोग गरेको घरजग्गासमेत जफत हुनुपर्दछ भन्न नमिल्ने ।

इजलास अधिकृतः अर्जुन अधिकारी

इति संवत् २०६५साल चैत्र ३० गते रोज १ शुभम् ।

४.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको साधक नं ०४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मण यादव समेत*

मृतकलाई भारतको दरभंगामा उपचार गर्न लैजाँदा बाटामै मृत्यु भएको भए निजको लाश नेपाल भित्र ल्याई बेवारिशे अवस्थामा फाली प्रमाण नै लोप हुने स्थिति सिर्जना गर्नुपर्ने नदेखिँदा घरका लोग्ने, सासु, ससुरासमेत भई मृतकलाई घरबाट लिई जाने र ससुरा घर फर्की आएपनि मृतकको लोग्ने प्रतिवादी लक्ष्मण र सासु बौकी समेत फरार रही लाश वेवारिशे फालेकोबाट यिनै प्रतिवादीहरूले मृतकलाई कुटपीट गरी मारेको तथ्य पुष्टि हुने ।

इजलाश अधिकृत : विदुर कोइराला

कम्प्यूटरः विश्वराज पोखरेल

इति संवत् २०६५ साल फागुन २२ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६२ सालको फौ.पु.नं. ३७३०, विवाह वदर, *सोमेश्वरप्रसाद कायस्थ वि. शिवशंकर दास समेत*

जीवनको सहयात्रामा एकअर्काको हातेमालो गरी जीवन निर्वाह गर्नुपर्ने जीवन संगीनी (Life Partner) शारीरिक एवं मानसिक अस्वथ्य एवं विकलाङ्ग भएमा त्यसरी ऐनमा भएको कानूनी मनसायलाई दिग्भ्रमित पारी गरे गराएको विवाह स्वतः वदर हुने अवस्थासमेत हुँदा आफूलाई झुक्याई, ढाँटी विहे वन्धनमा बाँधिएकी स्वास्नी मानिसलाई त्याग्न वा अस्वीकार गर्न पाउने अधिकार जीवनको अधिकार (Right of Life) अन्तर्गतकै व्यक्तिगत अधिकारमा लिन सकिने पनि हुन्छ । त्यस अर्थमा त्यस्तो मानिसको व्यक्तिगत जीवनसँग सरोकार राख्ने अति महत्वपूर्ण विषयमा अदालत समेतले संवेदनशील भएर मौजुदा कानूनी व्यवस्थाको परिधिभित्र रही न्यायिक मनको समेत उदारताका साथ यथेष्ट रुपमा ध्यान केन्द्रित गरी त्यस्तो पीडित पक्षलाई न्याय निसृत गर्नैपर्ने हुन्छ । यसरी प्र. पुनम दासलाई Acute Psychosis विवाहपूर्व नै भएको तथ्य स्थापित एवं प्रमाणित भएको अवस्थामा निज वादी प्रतिवादीहरू बीच भएको वैवाहिक सम्बन्ध कायमै राखी रहन स्वयं प्रतिवादी समेतलाई श्रेयष्कर नभई सर्वाङ्गीण दृष्टिकोणबाट वाञ्छनीय एवं उपयुक्त समेत नदेखिने ।

इजलास अधिकृत : काजीबहादुर राई

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल बैशाख २२ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या. श्री बलराम के.सी.र मा.न्या. श्री गौरी ढकाल**, २०६४ सालको रि.नं. ००७२ उत्प्रेषण, *परमादेवी अग्रवाल वि. एकद्वार समिति, उद्योग विभाग समेत*

नेपाल भारतबीच सम्पन्न वाणिज्य सन्धिले भारत निकासी हुने वनस्पति घिउमा परिमाणात्मक वन्देज लगाएको अवस्थामा दुई मुलुकबीच सम्पन्न उक्त सन्धिलाई नेपालले कानून सरह लागू गर्नुपर्ने दायित्वलाई व्यवस्थित गर्ने क्रममा नै उद्योग विभागले एउटा निश्चित आधार तयार गरी भारतमा वनस्पति घिउ निकासी गर्ने १६ वटा उद्योगलाई समान व्यवहारको आधारमा कोटा निर्धारण गरेको अवस्थामा निवेदक उद्योगलाई मात्र सहुलियत र सुविधा प्रदान गरी अन्य उद्योगलाई सो सुविधा र सहुलियतबाट बञ्चित हुने गरी फरक व्यवहार गर्न नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ५ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रणबहादुर वम**, २०६३ सालको रिट नं. ०६३-WO-०६०९, उत्प्रेषण, *कल्लादेवी यादव वि. रामनारायण राय समेत*

अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फैसला कार्यान्वयन गर्ने जिम्मेवारी पाएको निकायबाट भएका काम कारवाही र निर्णयका सम्बन्धमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।
इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ साल जेठ ७ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री रणबहादुर वम**, २०६४ सालको रिट नं. WO-०४६१ उत्प्रेषण, *विष्णुमाया संग्रौला समेत वि. पुनरावेदन अदालत इलाम समेत*

वण्डा मुचुल्कासम्बन्धी कारवाही सदर हुने भनी अ.वं. १७ नं. अन्तर्गत परेको निवेदनबाट पुनरावेदन अदालतले बोलिसकेको अवस्थामा निवेदकहरूले उठाएको विषयवस्तुका सन्दर्भमा रिटक्षेत्र आकर्षित हुन नसक्ने ।
इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ साल जेठ ७ गते रोज ५ शुभम् ।

४.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री रणबहादुर वम**, २०६४ सालको रिट नं. २०६३-WO-०९३१, उत्प्रेषण, *शेष सैनुल्लाह वि. पुनरावेदन अदालत हेटौंडा समेत*

निवेदकले उठाएका प्रश्नहरूका विषयमा एक पटक सहज र वैकल्पिक मार्गको अवलम्बनबाट निराकरण भै सकेको र तेस्रो व्यक्तिमा हस्तान्तरण भै सकेपश्चात् पुनः लिखत बदर मुद्दा परिसकेको देखिएको अवस्थामा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।
इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ साल जेठ ७ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रणबहादुर वम**, २०६१ सालको रिट नं. ३४९५, उत्प्रेषण, *इसा महम्मद अन्सारी वि. सजावल साह कानू समेत*

आफैंले एक पटक सदर गरेको कार्य पछि परेको निवेदनको आधारमा लिलामी मुचुल्कालगायतका कार्य बदर गर्ने गरी गरेको आदेश न्याय एवं कानूनका मान्य सिद्धान्त समेतको विपरीत भै त्रुटिपूर्ण देखिने ।
इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ साल जेठ ७ गते रोज ५ शुभम् ।

६.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री रणबहादुर वम**, २०६३ सालको रिट नं.WO-०१७३, परमादेश, *खेमबहादुर वि.क. र भूमिसुधार कार्यालय, नवलपरासी समेत*

निवेदकले आफ्ना नाममा जग्गा दर्ता गर्ने गरी भएको भनेको निर्णयको आधिकारीकता पुष्टि गराउन नसकेको र निवेदकले माग गरेको विषयमा अर्को आयोग गठन भएमा वा आफूलाई अधिकारप्राप्त भएमा अधिकारप्राप्त साधिकार निकायबाट कार्यान्वयन गर्ने दृढता समेत व्यक्त गरेको अवस्थामा रिट निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्न नपर्ने ।
इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ साल जेठ ७ गते रोज ५ शुभम् ।

७.

**मा.न्या. श्री बलराम के.सी. मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६५ सालको साधक नं. ०२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि.विनोद काफ्ले समेत*

अधिकारप्राप्त अधिकारीसमक्षको वयानलाई घटनास्थलमा लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, विशेषज्ञको वकपत्र र अनुसन्धानको क्रममा बुझिएकी नानी छोरीको मैकाको कागज र परिस्थितिजन्य प्रमाणबाट समेत पुष्टि भएको स्थितिमा निज प्रतिवादीहरूले अभियोग दावीबमोजिम कसूर गरेका होइनन् भन्न सक्ने अवस्था नरहने ।
इजलास अधिकृतः कृपासुर कार्की
इति संवत् २०६५ साल माघ १० गते रोज ६ शुभम् ।

८.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम**, २०६२ सालको दे.पु.नं. ८७८३, अंश नामसारी, *उत्तमकुमार पिया वि. श्यामकुमार पिया समेत*

२०३४ सालपछि पनि अवण्डा लेखिएको कि.नं. १५६ का जग्गाबाट यी वादी प्रतिवादीबीच व्यवहार मिलाउन बाँकी रहेको भनी देखिन नआउने हुँदा वादीको दावीलाई मनासिव मान्न नमिल्ने। वादीहरूले अवण्डा रहेको जग्गाबाट वण्डा जग्गा पाइसकेको मान्नुपर्ने।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल बैशाख २७ गते रोज १ शुभम्।

९.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६४ सालको स.फौ.पु.नं. ०६२०, कर्तव्य ज्यान, *अम्बरबहादुर माझी समेत वि. नेपाल सरकार*

प्रतिवादीमध्ये कसले बाँधी मृतकलाई अरुण खोलामा फालेको भन्ने यकीन नभएको र सामान्यतया एक जनाले अर्को एक जनालाई बाँधी फाल्न सक्ने सम्भावना समेत न्यून हुने भएकोले प्रतिवादी दुबै जनाले संयुक्त रुपमा मृतकलाई बाँधी अरुण खोलामा फाली दिएको कारण मृत्यु भएकोले निजहरू दुबै जनालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम्।

## इजलास नं. ५

**१.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६६ सालको रिट नं. ००६७, बन्दीप्रत्यक्षीकरण, *घनबहादुर थापा वि. पुनरावेदन अदालत, पोखरा समेत*

म्याद तामेली बेरीतपूर्वक भएको तथा सजायमा विभेद गर्ने गरी भएको भन्ने अवस्था नदेखिएकाले र मुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा रहेको देखिँदा यस्तो अन्तिम फैसलाबमोजिमको सजाय कार्यान्वयनको क्रममा राखिएको थुनालाई गैरकानूनी भन्न नमिल्ने।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६६ साल जेठ २६ गते रोज ३ शुभम्।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६३ सालको दे.पु.नं. ७१८ र ७१९ अंश चलन, *श्यामबहादुर वि.सी. वि. मधुबहादुर बस्नेत*

हालैको बकसपत्रबाट प्राप्त गरेको निजी आर्जनको जग्गामा सगोलको रकम लगाई घर बनाएको हुन भनी ठोस प्रमाणको अभावमा मान्न नमिल्ने भएबाट उक्त जग्गा र घर समेत वण्डा लाग्ने।

एकासगोलमा रहेको परिवारको कुनै सदस्यको नाममा राजीनामाबाट प्राप्त सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलका अंशियारहरूको अंश हक लाग्ने सम्पत्ति नै हो भनी मान्नु पर्ने।

इजलास अधिकृतः युवराज गौतम

इति संवत् २०६५ साल चैत १२ गते रोज ४ शुभम्।

३.

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ९१७७, लेनदेन, *सीयाराम महतो वि. पवित्र नारायण महतो*

**मा.न्या.प्रेम शर्माको राय**

फैसलाको नक्कलका लागि निवेदन पेश गरी फैसलाको जानकारी प्राप्त गरेको अवस्थामा सोही मितिबाट कानूनले तोकेको म्यादभित्रै पुनरावेदन गर्नुपर्नेमा सो नगरी पछि पुनः फैसलाको नक्कल सारी सोही मितिलाई आधार मानी पुनरावेदन दर्ता गराएको अवस्थामा म्याद नाघी परेको पुनरावेदन खारेज गर्नुपर्नेमा सो नगरी औचित्यमा प्रवेश गरी इन्साफ गरेको फैसला कानूनसंगत नदेखिने।

**मा.न्या.प्रकाश वस्तीको राय**

म्याद पाएको मितिबाट म्यादैभित्रै परेको पुनरावेदनलाई खारेज गर्नु कानूनसम्मत नहुने निर्णयाधारलगायत फैसलाबाट सिर्जित दायित्वहरूको जानकारीबिना नै पुनरावेदन गर्नैपर्ने गरी अभिभारा तोकिदिँदा पुनरावेदनको हकमा प्रतिकूल असर पर्न जाने हुन्छ जुन न्यायसँगत मान्न नहुने ।

म्याद हदम्याद न्यायको प्रयोजनका लागि हुन, नियोजनका लागि होइनन् । म्याद र हदम्यादको निर्धारणमा आशंका र अनुमानलाई हिजो पनि स्थान थिएन, आज पनि छैन र भोलि पनि रहनु हुँदैन । विधिकर्ताले नै अन्यथा कानून निर्माण गरेमा बाहेक सहज रुपमा सबै क्षेत्रबाट ग्रहण भइआएको परम्परा र न्यायिक मान्यता तोड्ने न्यायसँगत नहुने ।

प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३.१(क) बमोजिम पूर्ण इजलासमा पेश गर्ने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता वास्तोला

इति संवत् २०६५ साल फागुन १५ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६० सालको फौ.पु.नं. २४, करकाप, *सीयाराम महतो वि. पवित्रनारायण महतो* भएको मुद्दामा पनि रायवाझी भएको छ ।

४.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ८७९०, ९३६६, लेनदेन, *श्रीमती चन्द्रकुमारी शाक्य वि. श्रीप्रसाद सुवाल समेत*

नेपाल सरकार वादी भै ठगी मुद्दा चलेकोमा अदालतबाट लेनदेनमा परिणत भई यी पुनरावेदक वादीहरूले कानूनबमोजिम सकार गरी वादी प्रतिवादी कायम भई लेनदेन मुद्दाको रुपमा न्याय निरोपण भएको एउटै विषयवस्तु, एउटै विवाद र एउटै तथ्य भएको केवल सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम परिणत भएको अवस्थामा यी पुनरावेदक प्रतिवादी सिँहराज शाक्यले लेनदेन व्यवहारका साथै रकम दिन बाँकी भएको कुरालाई लिखित रुपमै स्वीकार गरेको अवस्थामा लेनदेनमा मुद्दा नै चल्न नसक्ने भन्ने तर्क कानूनसंगत नहुने ।

इजलास अधिकृत : युवराज गौतम

इति संवत् २०६५ साल फागुन १५ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री रणबहादुर वम र मा.न्या.श्री प्रकाश वस्ती**, २०६२ सालको दे.पु.नं. ९६९१, फैसला वदर समेत, *दुर्गा कार्की वि. बासुदेव श्रेष्ठ समेत*

कपाली तमसुकले पारित लिखतको स्थान ओगट्न नसक्नुका साथै कपाली तमसुकले अंशवण्डा गर्न रोक्न नमिल्ने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता वास्तोला

इति संवत् २०६५ साल चैत १० गते रोज २ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ९६९२, फैसला बदर समेत, *दुर्गा कार्की वि. बासुदेव श्रेष्ठ समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

## इजलास नं. ६

१.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल**, २०६५ सालको रिट नं.९३५, उत्प्रेषणयुक्त परमादेश, *शालिग्रामप्रसाद ढुंगेल वि. लोकसेवा आयोग के.का. समेत*

रा.प.अनं.द्वितीय श्रेणीको पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्न निजामती सेवा ऐनको दफा ७(१) ले Open Promotion Zone सीमित नगरेको अवस्थामा सो पदको आन्तरिक प्रतियोगितात्मक परीक्षालाई सीमित गर्नुपर्ने कारण र औचित्य देखिन नआएबाट रा.प. अनंकित द्वितीय श्रेणी पदको पदपूर्ति गर्दा खुल्लाको लागि छुट्याइएका पद सरह नै आन्तरिक

प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदमा समेत योग्यता पुगेको संभाव्य उम्मेद्वार राष्ट्रिय रुपमा सम्मिलित हुन पाउने रहेनछन् भन्न नमिल्ने ।

निजामती सेवा र नियमावलीले स्पष्टतः रा.प.अनं. द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षामा राष्ट्रिय रुपमा भाग लिन नपाउने भनी सीमित नगरेको विषयमा लोकसेवा आयोग आफैले मनोगत निर्णय गरी निवेदक समेतलाई उल्लिखित पदको विज्ञापनमा समावेश हुन नपाउने गरी गरिएको विज्ञापन र सोसम्बन्धी कामकारवाही कानूनसँगत रहेछन् भन्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्यूटरः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल वैशाख २२ गते रोज ३ शुभम् ।

## इजलास न. ७

१.

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६२ सालको फौ.पु.नं. ३८५५, अलैंची लुटपीट, *डिल्लीप्रसाद राई समेत वि. वमबहादुर राई*

फौजदारी मुद्दामा साक्षीले आफैंले नै देखे, सुने, थाहा पाएको कुरा व्यक्त गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा ३७ बमोजिम अदालतले ग्रहण गर्नुपर्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः- सरस्वती पौडेल

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६२ सालको फौ.पु.नं. ७९३९ र ७९४० लेनदेन, *लालप्रसाद वस्याल वि.थानेश्वर पहारी*

प्रतिवादीले वादीलाई रू.१,३६,३००।- बुझाउन बाँकी रहेको भन्ने देखिएको र त्यसमध्ये रू.९३,५२४।- वादीले तेस्रो व्यक्तिलाई बुझाउनु पर्ने रकम निज वादीकै आग्रहमा बुझाई भरपाई गराई लिएको छु भनी प्रतिवादीले जिकीर लिएको भए पनि त्यस्ता असम्बद्ध व्यक्तिलाई बुझाएको रकम वादीलाई बुझाएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः- सरस्वती पौडेल

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

३.

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६२ सालको दे.पु.नं. ७७९९, घर जग्गा नामसारी दर्ता, *मालपोत कार्यालय ललितपुर वि. हरिगोविन्द श्रेष्ठ समेत*

विवादित जग्गा नेपाल सरकारको हो वा निवेदकको हो वा अरु कुनै व्यक्तिको हो त्यसको निराकरण गर्न सम्बन्धित पक्ष हक वेहकमा सम्बन्धित अदालतमा जानै पर्ने प्रचलित कानूनी व्यवस्थाको प्रावधानलाई ठाडै बेवास्ता गर्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः- सरस्वती पौडेल

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की**, २०६० सालको दे.पु.नं. ८३९४, लिखत वदर दर्ता, *इन्दुदेवी शर्मा वि. रत्नाकुमारी श्रेष्ठ*

अंशबण्डाको महलको १९(१) नं. बमोजिम घर व्यवहार चलाउन आफूखुसी गर्न पाउने र पैतृक सम्पत्तिमध्ये आधीसम्म बिक्री गर्दा विधवा बुहारीको मन्जूरी लिन नपर्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद सुवेदी

इति संवत् २०६६ साल वैशाख २२ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती**, २०६० सालको दे.पु.नं.

८१७४ जग्गा खिचोला चलन, *सनमान अधिकारी वि. सीताराम पराजुली समेत*

आफ्नो दर्ता स्रेस्ताको जग्गाभन्दा बढी जग्गामा कसैले दावी गर्न नमिल्ने र स्रेस्ताबमोजिमको जग्गा पुगिरहेको अवस्थामा वादी दावीबमोजिम खिचोला ठहराउन नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः- रानु पौडेल
इति संवत् २०६६ साल जेठ १८ गते रोज २ शुभम् ।

६.

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती**, ०६४-CR-००७९, ठगी, *नेपाल सरकार वि.ओमप्रकाश मिश्र समेत*

ठगीको ३ नं. बमोजिम देवानी दायित्व दिई भाखा तमसुक गराएको अवस्थामा मुद्दाको अभियोग दावी नै खारेज गर्ने ठहराएको फैसला मुनासिव देखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

७.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको सा.नं. ९३, *नेपाल सरकार वि. प्रमेश पुन*, २०६४ सालको फौ.पु.नं. ६७७, १३६, *प्रमेश पुन वि. नेपाल सरकार*

आफूले नै मृतक लीलामायालाई खुकुरी प्रहार गरी मारेको तथ्यलाई स्वीकार गरेको देखिएको र उक्त स्वीकारोक्ति मिसिल संलग्न प्रमाणहरूबाट असंगत देखिन नआएकोले निजलाई कसूरदार ठहऱ्याई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

अन्य प्रतिवादीहरूको सम्बन्धमा विचार गर्दा ठोस शंकारहित र विवादरहित प्रमाण मिसिलमा नदेखिएकोले अभियोग दावीबाट सफाई पाउने ।

इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६५ साल चैत ३० गते रोज १ शुभम् ।

८.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम**, २०६५-CR-०७०४, ०७३०, ७७९ र ०७९१, कर्तव्य ज्यान, *राजेन्द्र लामा समेत वि. नेपाल सरकार समेत*

मृतकको टाउको, ढाड, खुट्टा, पाखुरा एवं हातसमेत भाँचिएको भन्ने लाश प्रकृति विवरणमा उल्लेख भएको, मृतकलाई प्रहार गरेको भनिएको पाँच थान लाठी वारदातस्थलबाट नै बरामद भएको देखिएको हुँदा मृतकमाथि निर्ममतापूर्वक प्रहार भएको देखिन्छ र निजको घटनास्थलमा नै मृत्यु भएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन सक्ने कल्पना विधायिकाले गरेको देखिँदैन । तसर्थ प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल असार ०३ गते रोज ४ शुभम् ।

९.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम**, ०६४-CR-०३८०, ०६५-CR- ०७०३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपाल कटुवाल समेत*

आफ्नो बसको खलासीलाई कुटपीट गर्ने व्यक्तिहरूलाई ठीक गर्नुपर्छ भन्दै प्रतिवादीहरू जम्मा भई एक्लो मृतक मोतीलाल मण्डललाई पुनरावेदक प्रतिवादी गोपाल कटुवालले फलामको लिभरले चोट छोड्ने र अन्य प्रतिवादीहरूले त्यस्तो

मौकामा यी प्रतिवादी गोपाल कटुवाललाई साथ दिने गरेको मिसिल संलग्न प्रमाणहरू जाहेरी दरखास्त, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई, लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, चिकित्सकको वकपत्र एवं अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवादीहरूले गरेको वयान समेतबाट पुष्टि भइरहेको अवस्था र स्थितिमा पुनरावेदक प्रतिवादी गोपाल कटुवाललाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू मध्येका महमद साफी, किरण घिमिरे, युवराज प्रसाई, तिलक कट्टेल, बन्दे उराउलाई निजहरूले वारदातमा संलग्न भई अन्य पालेसमेतलाई नियन्त्रणमा लिई मृतकलाई मार्नेसम्मको संयोग पारेको देखिँदा सो गरेको कार्यको मात्राको आधारमा ऐ. महलको १७(२) नं. बमोजिम पाँच वर्ष कैद र प्रतिवादीहरू लीलाबहादुर घिमिरे, मनोज भट्टराई एवं भूपाल भन्ने भक्तबहादुर फुयालसमेत अन्य प्रतिवादीहरूको साथमा वारदातस्थलमा गई केही नगरी हेरी बसेको भन्ने देखिँदा निजहरूले गरेको कार्य प्रकृतिको आधारमा निजहरूलाई ऐ. महलको १७(३) नं. बमोजिम ६ महिना कैदको सजाय हुने र भूपाल भन्ने भक्तबहादुर फुयाल १६ वर्ष मुनिको देखिँदा निजलाई तीन महिनामात्र कैद हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा**, २०५८ सालको फौ.पु.नं. ३७०७, आयकर (आ.व. २०४८।४९), *पवनकुमार संघाई वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं*

प्रतिस्पर्धात्मक बजारमुखी व्यवसायमा उपभोक्ताको मागअनुसार सोभन्दा कम प्रतिशत राखेर व्यवसायीले कम मुनाफा आर्जन गर्न खोज्दछ भने सोलाई कानून विपरीत मान्न नमिल्ने ।

तोकेको मूल्य ३.९ भन्दा वढी थप गरी बिक्री गरेको भएमात्र अपराधजन्य भई थप आयकर निर्धारण गर्न कानूनसम्मत मिल्ने थियो । आपूर्तिको हिसाबले निर्धारित सीमा ३.९ प्रतिशत कायम गरी थोक बिक्री गरेको भन्ने तथ्य बिल भरपाईबाट स्थापित नभइरहेको र बिल भरपाई अन्यथा प्रमाणित हुन नआएको अवस्थामा स्वतः भरपाईलाई मान्यता प्रदान गर्नुपर्नेमा सोतर्फ कुनै विवेचना नै नगरी पुनरावेदक फर्मले अधिकतम् दरकै आधारमा बिक्री गरेको भनी खुद आयमा उक्त रकम समावेस गरिएको शुरु कर कार्यालयको निर्णय सदर गरेको राजश्व न्यायाधीकरणको निर्णयमा प्रमाणको उचित मूल्याङ्कन तथा न्यायिक मनको प्रयोग भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६५ साल माघ २७ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्रलाल**, २०६४ सालको रिट नं. ०६४-WO-०६५८, उत्प्रेषण, *देवबहादुर कुँवर समेत वि. रेडियो नेपाल समेत*

निवेदकहरूले कुनै रीत नपुऱ्याई निवेदन दिएको भए रीत पुऱ्याउन लगाई निर्णय गरी दिनुपर्नेमा सो नगरी निवेदकहरूको निवेदनउपर कुनै कारवाही गर्न आवश्यक छैन भनी कारवाही नगरेको वा कारवाही गर्न इन्कार गरेको कार्य कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, २०६५ सालको WO-०३३५/४४२२, उत्प्रेषण, *केशवबहादुर थापा क्षेत्री समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२०५७।४।१ पूर्व र पश्चात् बढुवा वा स्तर वृद्धि भएका प्राविधिक कर्मचारीहरूको बीचमा द्रष्टव्यले खडा गरेको पृथक-पृथक स्थितिको विवेकपूर्ण आधार नदेखिएको र उक्त व्यवस्थाले विवेकसम्मत कारणबिना मिति २०५७।४।१ अघि नियुक्त भई सो मितिपश्चात् बढुवा पाउनेहरूको हकमा मर्का पर्ने गरी भेदभावपूर्ण स्थिति खडा गर्नु नेपालको अन्तरिम संविधानले व्यवस्था गरेको समानताको हक (धारा १३) र समानताको सिद्धान्तविपरीत समेत देखिएकोले उत्प्रेषणको आदेशद्वारा वदर हुने ।

नेपाल सरकारको मिति २०६५।६।१ को तलवमानको अनुसूची २ को द्रष्टव्यबमोजिम प्राविधिकले २ ग्रेड नपाउने भन्ने निजामती सेवा ऐन, २०४९ को दफा ५८ को प्रतिकूल देखिई उत्प्रेषणको आदेशद्वारा वदर हुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल बैशाख १३ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको रिट नं. ३५०४, उत्प्रेषण, *चक्रमेहर बज्राचार्य समेत वि. भूमिसुधार कार्यालय ललितपुर समेत*

जग्गा बाँडफाँड पूर्व मोही निर्विवाद कायम हुनुपर्नेमा सो नै विवादित देखिएको अवस्था र मोही देखिने आधारभूत कुराको अभावमा जग्गा बाँडफाँड मुद्दाबाटै मोही मानी जग्गा बाँडफाँड गरेको कार्य तथ्यसंगत र कानूनसंगत नहुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल बैशाख १७ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३५०३, उत्प्रेषण, *चक्रमेहर वज्राचार्य समेत वि. भूमिसुधार कार्यालय ललितपुर समेत*

निवेदकका पिता जग्गाधनीले २०५३ सालको बाली बुझी लिई भरपाईसमेत गरी दिएकोले विपक्षी मोही लालबहादुर तामाङलाई जग्गाधनीले मोही स्वीकार गरिसकेको र लालबहादुरको नाममा नापीको फिल्डबुकमा र जग्गाधनी प्रमाणपूर्जाको मोठ स्रेस्तासमेतमा मोही उल्लेख भई कायम नै रहेको देखिँदा विपक्षी लालबहादुर तामाङ मोही होइनन् भन्न नमिल्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल बैशाख १७ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती**, २०६२ सालको दे.पु.नं. ८३०३, अंश, *अकवल खाँ समेत वि. शरिक अकवाल खाँ समेत*

नाताको विवाद उठाए पनि सो सम्बन्धमा निस्सा प्रदान नभएको अवस्थामा अंशवण्डाको २१ नं. को प्रक्रियाबाट नाताको प्रश्न पनि सान्दर्भिक भई उक्त प्रश्नको निरोपण गर्न मिल्छ भन्न नमिल्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल बैशाख १६ गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री कन्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको दे.पु.नं. १२५२, करार पालना, *मीनबहादुर श्रेष्ठ वि.मध्यमाञ्चल सिंचाई विकास डिभिजन नं. २ कार्यालय सिन्धुली*

करारबमोजिम पूरा गर्नुपर्ने दायित्व पूरा नगरेकोले यो यति रकमको नोक्सानी परेको र क्षतिपूर्तिबापत नगद रकम भुक्तानी गर्दा यसबाट मुनासिव र पर्याप्त उपचार प्राप्त हुन सक्तैन भन्ने

कुराको आधार र प्रमाण पुनरावेदक वादीले पेश गरेको अवस्था नदेखिँदा आफैले करारको म्यादभित्र निर्माण कार्य सम्पन्न गर्न नसकेको अवस्था देखिएकोले वादी दावीअनुसार करारको यथावत परिपालनाको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : दीपककुमार खरेल

इति संवत् २०६५ साल फागुन १८ गते रोज शुभम् ।

७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, २०५७ सालको २९०२, २९०३, आयकर, *महेन्द्रकुमार गोल्छा वि. कर कार्यालय विराटनगर*

करदाता उद्योगले प्रत्यक्ष रुपमा अन्तर्राष्ट्रिय वोलपत्रका लागि ठेक्का प्राप्त गरेको अवस्था नभई उक्त ठेक्का प्राप्त गर्ने फर्मसँग सहायक सम्झौता गरी सोको आधारमा गरिएको बिक्रीबाट प्राप्त रकमलाई निर्यात बिक्रीबाट प्राप्त रकम मान्न सकिने अवस्था रहेन । यस्तो अवस्थामा उक्त रकमलाई उद्योगको मागअनुसार खर्चलाई मान्यता दिन नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार खरेल

इति संवत् २०६५ साल माघ २८ गते रोज शुभम् ।

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रकाश वस्ती**, २०५९ सालको रिट नं. ३३४६, उत्प्रेषण, *शिवप्रसाद सिलवाल वि. मन्त्रिपरिषद् सचिवालय समेत*

हकदैयाको प्रश्न उपस्थित भै निर्विवाद हक स्थापित भएको अवस्था विद्यमान नदेखिँदा निवेदन दावी सम्बन्धमा थप विचार गरिरहन समेत नपर्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल बैशाख ८ गते रोज ३ शुभम् ।

९.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती**, २०६३ सालको रिट नं. WO-०६४९, उत्प्रेषणयुक्त परमादेश, *तीर्थराज वाग्ले वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

रा.प. द्वितीय श्रेणीको पदमा बढुवा पाउने हकको प्रचलनको लागि प्रस्तुत रिट निवेदन दायर गरेकोमा सो पदमा बढुवा पाइसकेको स्थिति भई सो हक प्रचलन गराउनु पर्ने अवस्था बाँकी नदेखिएकोले रिट निवेदकको औचित्यतर्फ प्रवेश गरिरहन नपर्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल बैशाख ८ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३-WO-०४०४, *लोकबहादुर थापा वि. लोकसेवा आयोग समेत* मुद्दामा यसैअनुरूपको निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५७ सालको फौ.पु.नं. २३८३ र २३९६, भ्रष्टाचार, *नेपाल सरकार वि. जगतमान श्रेष्ठ समेत*

कसूर गरेको भन्ने कुरा पुष्ट्याई गर्ने भारबाट विमुख भै कुनै तथ्ययुक्त ठोस प्रमाण पेश गर्न सकेको अवस्था नदेखिँदा कसूरदार ठहऱ्याउन न्यायसँगत नहुने ।

इजलास अधिकृत - शिशिरराज ढकाल

कम्प्यूटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६५ साल चैत ३ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६३ सालको फौ.पु.नं.३८२८ कर्तव्य ज्यान, *नेपाल सरकार वि. भानुभक्त पराजुली*

ज्यान जस्तो संगीन अपराधमा शंकाको भरमा कसूरदार ठहर गर्न न्यायोचित नहुने र वादी पक्षबाट यी प्रतिवादीले कसूर गरेको भन्ने शंकारहित सबुद प्रमाण पेश दाखेल गर्न नसकेको अवस्थामा शंकाको सुविधा पाउने भई सफाई पाउने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल बैशाख २२ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६३-CI-०१६४, फैसला बदर, हक कायम, *जयप्रसाद रेग्मी वि. रामप्रकाश दास वैष्णव समेत*

अ.बं ८६ नं. बमोजिम फिराद गर्न पहिले कानूनबमोजिम हक स्थापित भएको हुनुपर्छ तव मात्र त्यस्तो हकमा असर परेमा नालेस फिराद गर्ने हो, हकै नभएको जग्गामा मेरो हकमा असर पर्ने गरी फैसला गरे भनी भन्न र मान्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्यूटर: अन्जय पोखरेल
इति संवत् २०६६ साल बैशाख २२ गते रोज ३ शुभम् ।

३.

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६४ सालको दे.पु.नं.०८२७, बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम, *शारदाकुमारी रायमाझी वि.गणेशबहादुर रायमाझी*

दाइजो पेवाबाट प्राप्त गरेको भनी भन्न नसकेको अवस्थामा प्रतिउत्तर जिकीरमा स्त्री अंश धनको भन्ने जिकीर लिदैमा त्यस्तो सम्पत्तिलाई स्त्री अंशधनअन्तर्गतको सम्पत्ति पनि मान्न मिलेन । यस्तो सम्पत्तिलाई सबै अंशियारको अंश लाग्ने सगोलको सम्पत्ति मान्नु पर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६४ सालको दे.पु.नं. ०७११, नापी निर्णय दर्ता बदर, *मदनचन्द्र लाखे वि. निर्मलचन्द्र लाखे*

आफ्नो हक नपुग्ने जग्गा नापीबाट आफ्नो नाममा अस्थायी दर्ता गरिदिएकै कारण उक्त जग्गामा निजको हक सिर्जना हुन सक्ने नदेखिने ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०७१२, *मदनचन्द्र लाखे वि. ईश्वरचन्द्र लाखे* भएको मुद्दाका यसैअनुरूप निर्णय भएको छ ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

५.

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०६२ सालको दे.पु.नं. ८४१४, घर उठाई जग्गा खिचोला चलन, *गोथलुभगत थारु समेत वि. अनन्तनारायण थारु*

वादी दावीको दर्ता स्रेस्ताअनुसारको जग्गामध्ये न.नं. ६ को ०-९-८.१/२ जग्गा प्रतिवादीहरूको भोगमा रहेको भन्ने र न.नं. ७ को कि.नं. २११ को ०-१-१४ जग्गा प्रतिवादीहरूले टिनको घर एवं भान्साघर, गुहाली घरसमेत बनाई भान्साघर, गुहाली घरको केही भाग कि.नं. २११, न.नं. २५३ मा पनि पर्न आएको प्रष्ट देखिन आएको हुँदा वादी दावीबमोजिम प्रतिवादीहरूको कि.नं. २११, न.नं. ७ को जग्गामा टिनको घर, गुहाली र भान्सा घरसमेत बनाई खिचोला गरेको ठहर्छ र कि.नं. २११ भित्रको न.नं. ७ को ज.वि. ०-१-१४ मा बनाएका निर्माणहरु उठाई लिन र सो जग्गाबाट खिचोला मेटाई चलन समेत चलाई लिन पाउने ।

इजलास अधिकृत: नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल जेठ १० गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६३-CI-००५०, लेनदेन, *कान्छा थापा वि. सानुकान्छी श्रेष्ठ*

रकम चुक्ता गरिसकेको भनी जिकीर लिने पक्षले सोको पुष्टि हुने गरी प्रमाण पेश गर्न सक्नुपर्ने हुन्छ । अन्यथा प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम त्यस्तो भनाइको कुनै महत्व नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल बैशाख २४ गते रोज शुभम् ।

**इजलास नं. १०**

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ९८००, हक कायम दर्ता, *हिरण्यदेव प्रधान वि. नानीमैया खड्का समेत*

सम्पूर्ण प्रक्रिया पूरा गरी भएको दर्तालाई कानून विपरीतको दर्ताको संज्ञा दिन नमिल्ने । कुनै जग्गा आफ्नो भनी दावी गर्नेले त्यसमा निजको हक भोग भएको र स्वामित्वसम्बन्धी प्रमाणहरू आफैले गुजार्नु पर्ने ।

इजलास अधिकृत : बासुदेव पौडेल

इति संवत् २०६५ साल चैत १० गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं.९८०१, हक कायम दर्ता कायम, *हिरण्यदेव प्रधान वि. श्यामबहादुर खड्का*
- २०६१ सालको दे.पु.नं. ९८०२, लिखत दर्ता बदर, *हिरण्यदेव प्रधान वि. नानीमैया खड्का समेत*
- २०६१ सालको दे.पु.नं.९८०३, बकसपत्र लिखत बदर, *हिरण्यदेव प्रधान वि. मोहनराज पन्त समेत*
- २०६१ सालका फौ.पु.नं.३७०४, जालसाजी, *हिरण्यदेव प्रधान वि. नानीमैया खड्का समेत*

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री रणबहादुर वम**, २०६३ सालको दे.पु.नं. ८९९७, लेनदेन, *सेतुराम तेली वि. कमलाप्रसाद पाठक*

लिखत प्रतिवादी आफैले लेखी दिएको र निजको ल्याप्चे सहिछाप समेत भएको देखिँदा सो लिखतलाई अन्यथा भनी मान्न मिल्ने अवस्था नदेखिँदा वादी प्रतिवादीको बीच लेनदेन कारोवार भएकोमा कुनै विवाद नदेखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री ताहिर अली अंसारी, मा.न्या.श्री रणबहादुर वम**, २०६३ सालको दे.पु.नं. ००८०, लेनदेन, *नाथुराम तेली वि.सुरेन्द्रकुमार पटेल*

अदालतबाट झिकाउँदासमेत म्यादमा हाजीर भै सो रकम बुझाएको सम्बन्धमा कुनै जिकीर नलिई म्याद गुजारी बसेको देखिँदा प्रतिवादीले पेश गरेको रसिदलाई निजले लिएको ऋण रकम बुझाएको प्रमाणको रुपमा ग्रहणयोग्य देखिन नआउने ।

इजलास अधिकृत : खड्कबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं.-८३४२, निर्णय बदर दर्ता बदर दर्ता,*चन्द्रेश्वर लाल कर्ण वि. ज्ञानचन महतो समेत*

मिति २०२६/३/२७ मा नापी भएको र २०३४/१२/१५ मा नै दर्ता रहेको जग्गाको सम्बन्धमा सो दर्ता बदरतर्फ मिति २०५६/८/२४ मा दर्ता गराएको फिराद पत्र जग्गा मिच्नेको १८ नं. र जग्गा पजनीको १७ नं. को हदम्यादभित्र परेको नदेखिने । ६ महिना नघाई फिराद दायर भएको देखिँदा दावी नै खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम्

५.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६२ सालको दे.पु.नं.९५५६, निर्णय दर्ता बदर गरी नामसारी, *गंगाभाई मानन्धर समेत वि.धर्म प्रजापती समेत*

गुठी जग्गाको मोहियानी हकको मोही तेरो मेरोसम्बन्धी विवादको विषयमा मोही यो भन्ने र

नयाँ मोही कायम गर्ने गरी निर्णय गर्ने अधिकारक्षेत्र भूमिसुधार कार्यालयलाई हुने ।

इजलास अधिकृत - परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम् ।

६.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६४ सालको फौ.पु.नं. ३८, जालसाजी, *नकली महर्जन वि. माधवप्रसाद खनाल समेत*

जग्गाधनीले आफ्नो जग्गाको कुत बाली बुझेको कार्य जालसाजी हुन सक्तैन । जग्गाधनी र मोही बन्न चाहने कुनै व्यक्ति खराव नियतबाट वा षड्यन्त्रपूर्वक वास्तविक मोहीको हक मार्ने किसिमको काम गरेमा मात्र जालसाजी हुन सक्ने ।

मोही कायम हुन मोहीको मृत्युपश्चात् के कसले के कस्तो प्रक्रियाबाट मोही कायम हुन सक्ने हो भन्ने विषय कानूनबमोजिम टुंगो लगाउने विषय हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको स.फौ.पु.वे.नं. ३१६६, २०६२ सालको साधक नं.२२७, २०६३ सालको स.फौ.सु.वे.नं. ३४४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामनारायण राय*

गाडीमा राखी उपचारको क्रममा लैजादै गर्दा मृत्यु भएको भनिएकोमा अरु गाउँले तथा माइती पक्षलाई समेत सोको जानकारी हुनुपर्नेमा सो समेत भएको देखिँदैन । त्यसकारण पुनमकुमारीको कालगतिले स्वाभाविक मृत्यु भएको हो भन्न सकिने स्थिति देखिएन । उपलब्ध तथ्य प्रमाणबाट निजको मृत्यु प्रतिवादी रामनारायणको कर्तब्यबाटै भएको देखिने र प्रमाणित हुन आउने ।

अन्य प्रतिवादीहरूको सम्बन्धमा शंका र अनुमानको आधारमा प्रतिवादी बनाइए तापनि ठोस प्रमाणबेगर शंका र अनुमानको आधारका ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर गरेको ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृत - राजेन्द्रकुमार आचार्य

इति संवत् २०६५ साल चैत १७ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६४ सालको फौ.पु.नं.३३५, दस्तखत कीर्ते, *राजु श्रेष्ठ वि. नेपाल सरकार*

अनुसन्धानका क्रममा अभिलेख गरिएको अभियुक्तको कथनलाई प्रमाण ऐन,२०३१ को दफा ९(२)(क) मा वर्णित अवस्थाहरूको अधीनमा रही प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने हुन्छ । यसको विपरीत कुनै पनि प्रमाणबाट पुष्टि नहुने अदालतको इन्कारी वयान आधारभूत प्रमाण हुन नसक्ने । अदालतमा गरेको इन्कारी बयानलाई एकमात्र प्रमाणको रुपमा ग्रहण गरी निर्दोष भनी सफाई दिन नसकिने ।

इजलास अधिकृत - परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख २७ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको रिट नं.- ३३२०, उत्प्रेषणमिश्रित परमादेश, *उमाकान्त झा वि.रामबाबु शर्मा समेत*

मध्यस्थ ऐन, २०५५ को दफा ३० मा उल्लिखित कानूनी त्रुटिका कारण नेपाल सरकार समेतका पक्षहरूको सम्पत्तिसम्बन्धी हकको हनन् हुने अवस्था भएमा संविधानबमोजिम त्यस्तो हकको प्रचलनका लागि यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्ने ।

काम लगाउने पक्ष (Employer) समक्ष पुनरावेदन नगर्ने र त्रुटि संभार दायित्व अवधि समाप्त

भएको मितिले ३० दिनभित्र मध्यस्थ नियुक्तिको प्रक्रिया सम्पन्न नगर्ने पक्षलाई मध्यस्थसमक्ष दावी गर्ने हक उक्त सम्झौताबाट प्राप्त भएको नदेखिने ।

सम्झौतामा जे लेखिएको छ त्यसमा फरक पर्ने गरी कुनै परिवेशलाई आधार बनाएर सम्झौताको कुनै शर्त बन्देज र दायित्वलाई अप्रत्यक्षरुपले निष्क्रिय वा निष्प्रयोजित गराउन नपाइने ।

सम्झौताको कुनै शर्तमा कुनै पक्षको कारणबाट विवादको सिर्जना भएमा र काम लगाउने पक्षको निर्णयमा चित्त नबुझेमा त्रुटि संभार दायित्व अवधि समाप्त भएको मितिले ३० दिनभित्र मध्यस्थ समक्ष जाने जानकारी गराई प्रक्रिया अगाडि बढाउनु पर्ने ।

कानूनी प्रश्नको विधिवत् निरोपण नभएसम्म ती जीवित रहन्छन् । निरोपण भएकै स्थितिमा समेत विधिसम्मत तरीकाले ती पुनः विचाराधीन भई उल्टिनसम्म सक्दछन् भने निरोपण नै नभएको प्रस्तुत विवादको हदम्यादको प्रश्न समाप्त भएको मान्न सकिँदैन । सो तामेली निर्णयले मध्यस्थताको लागि मार्गप्रशस्त गरेकोसम्म हो, हदम्यादको प्रश्नको निरोपण भएको होइन ।

इजलास अधिकृत - दीपक ढकाल

इति संवत् २०६६ साल बैशाख १४ गते रोज २ शुभम् ।

१०.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६१ सालको दे.पु.नं. ८५६८ जग्गा खिचोला चलन, फैसला वदर, *उमेशचन्द्र न्यौपाने वि. पूर्णप्रसाद पोखरेल समेत*

एक सक्षम अड्डाबाट रीतपूर्वक पारित लिखतलाई जालसाजी भन्दैमा जालसाजी मान्न मिल्दैन । सोको पुष्ट्याई गर्ने दायित्व पुनरावेदक वादीमै निहीत रहनेमा सो दायित्व पूरा गरेको पनि नपाइने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६६ साल जेठ २६ गते रोज ३ शुभम् ।

११.

**मा.न्या. ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ८९८२ र २०६१ सालको दे.पु.नं. १००३५, निर्णय दर्ता वदर, हक कायम, *मालपोत कार्यालय कास्की वि. प्राणमाया राजभण्डारी*

अड्डासम्बन्धी कामलाई आधार बनाएर मुद्दा चलाउनु परे पनि अड्डालाई नै विपक्षी बनाएर होइन, सो काम गर्ने सरकारी कर्मचारी उपर मुद्दा चलाउन सकिने व्यवस्था अ.बं. २९(८) ले व्यवस्था गरेको छ । "सरकारी कर्मचारी" वा "अन्य व्यक्ति" को परिभाषाभित्र कार्यालय वा अड्डा पनि पर्छ भन्ने अर्थ गर्न मिल्ने देखिँदैन । नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० ले पनि कर्मचारी भन्नाले निज कार्यरत् अड्डा पनि जनाउने भनी विस्तारित गर्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६६ साल जेठ २६ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८९८४, निर्णय दर्ता वदर हक कायम, *मालपोत कार्यालय कास्की वि. नरबहादुर कार्की* भएको मुद्दामा यसैअनुरूप फैसला भएको छ ।

१२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CR-०२४६, कर्तव्य ज्यान, *शकुन्तलादेवी साह तेली वि. नेपाल सरकार*

आफ्नै संरक्षकत्वमा रहेको कम उमेरको छोरालाई मध्यरातमा धारिलो हतियारले संवेदनशील भागमा प्रहार गरी हत्या गरेको कार्यलाई आवेशमा आई हत्या भएको मान्न नसकिने । त्यसमाथि पनि वात्सल्य र ममताकी प्रतिमूर्ति मानिने आमाले सौतेनी पट्टिको भए पनि छोरालाई मार्नु भनेको अकल्पनीय र अत्यन्तै क्रूर अपराध मानिने ।

यस्तो प्रकृतिको हत्यामा आपराधिक कार्य गर्ने अपराधीलाई अ.वं. १८८ नं. प्रयोग गरी सजायमा कमी वा छुट दिन न्यायिक र स्वविवेकीय अधिकारको सही प्रयोग हुन नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

१३.

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या. श्री प्रकाश वस्ती**, २०६१ सालको फौ.पु.नं. ३२३२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजेन्द्रबहादुर शाह*

प्रतिवादी अदालतमा कसूर अपराध गरेकोमा इन्कारी रही वयान गरेको भए तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती वयानलाई शव परीक्षण प्रतिवेदन, लाश जाँच प्रकृति मुचुल्का, बरामदी मुचुल्का, वस्तुस्थिति मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिहरूको कागजसमेतबाट प्रतिवादीले कसूर अपराध गरेको तथ्य समर्थित भइरहेकोले प्रतिवादीले प्रहार गरेको लाठीको चोटबाट मृतक खुशीराम चौधरीको मृत्यु भएको देखिन आएकोले अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम प्रतिवादी राजेन्द्रबहादुर शाहलाई १० वर्ष कैद हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

१४.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ८९५२, लिखत दर्ता वदर दर्ता, *ज्ञानरत्न बज्राचार्य वि. चन्द्रभाई खतिवडा*

कानूनले नै पितापुर्खाको पालाको चल अचल सम्पत्तिमध्ये चलमा सबै र अचलमा आधासम्म व्यवहार चलाउनलाई बिक्री गरेको सदर मानेको अवस्था देखिन्छ । फिराद पर्दाको अवस्थासम्म घरको मुख्य भन्नाले दामकाम गर्ने पिता वा पतिलाई मानेको देखिन्छ । आफ्नो निजी आर्जन र खरिदीको जग्गा वेचबिखन गर्न कसैको पनि मन्जूरी लिन नपर्ने हुन्छ  र पैतृक अचल सम्पत्ति आधासम्म बिक्री गर्न सगोलका अंशियार कसैको पनि मन्जूरी लिनु नपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.न.८९५३, लिखत दर्ता वदर, *भुन्टी उप्रेती व.चन्द्रभाई खतिवडा* मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१५.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.न.९५३३ जग्गा खिचाला घर उठाई चलन, *लक्ष्मण यादव वि. योगेन्द्र यादव*

नक्साको नं. ८ र ९ निर्विबाद रहेको अवस्थामा उक्त न.नं. ८ र ९ को कि.नं. ६० को ट्रायल चेक हेर्दा नं. ८ र ९ को जग्गाको पुनरावेदक वादीको कि.नं. ६० को जग्गाको पूर्व किनारा चौडाई १४ मीटर चौडाईको देखिन आउँछ । न.नं. ७ को पश्चिम किनारामा २ मीटर देखिन आएको छ भने न.नं. ९ को पूर्व किनारा १२.१/२ चौडाई भएको पाइयो । यस अवस्थामा जग्गाको क्षेत्रफल तलमाथि नपर्ने गरी न.नं. ७ को पश्चिमको चौडाई न.नं. ८ मा जोड्दा १४ मीटर हुन आउने र वादीको कि.नं. ६० को पूर्व जोड १४ मीटर पश्चिम कायम गरी सोको १२ मीटर पूर्व किनारामा टुङ्गिने गरी वादीको जग्गा कायम हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

## एकल इजलास

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६५-WO-१०४१, प्रतिषेध समेत, *शंकर हालन वि. रामकुमार गुप्ता रौनियार समेत*

राज्यको कुनै पनि सरकारी वा सार्वजनिक निकाय, पदाधिकारी वा व्यक्ति समेतले पनि अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी कुनै कार्य गर्न गराउन पाउँदैन । त्यसरी अदालतको न्यायिक काम कारवाही, न्यायिक प्रक्रिया र न्यायसम्पादन पद्धतिलाई मुद्दामा भएको फैसलाबमोजिम बिगो भरिभराउको सम्बन्धमा भएको काम कारवाही रोक्नु पर्ने कुनै औचित्य नहुने ।

इजलास अधिकृत : बिदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल श्रावण ११ गते रोज १ शुभम् ।

२.

**मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६५-AP-०१८०, विदेशी विनिमय, *भीमेन्द्रकुमार गोयल वि. नेपाल सरकार*

जिल्ला अदालत र पुनरावेदन अदालतबाट यी निवेदकले विदेशी विनिमय अपचलन गरेकोले निवेदकलाई एक वर्ष कैद हुने र रु.१,१७,४२,९३६।५८ को बिगो जफत गर्ने ठहरी फैसला भएको देखिन्छ । जिल्ला अदालतमा यी प्रतिवादीले राखेको धरौटी रकम रु.५०,०००। लाई नै कायम राखी पुनरावेदन अदालतमा पुनरावेदन दर्ता भै फैसला समेत भएको अवस्था भएकाले प्रस्तुत दोहोऱ्याई पाऊँ भन्ने निवेदन दर्ता गर्न अ.वं. १९४ नं. अनुसार सुविधा दिन मिल्ने देखिएको भन्दै अदालती वन्दोवस्तको १९४ नं. को देहाय ६ बमोजिम बिगोबापत धरौट राख्न पर्ने आवश्यकता र उपयुक्तता पनि नदेखाई उक्त बिगोवापत धरौट वा जमानत दिएमा मात्र दर्तातर्फ कारवाही गर्ने भन्ने सहरजिष्ट्रारबाट भएको मिति २०६६।१।१३ को दरपीठ आदेश भएको देखिँदा प्रस्तुत मुद्दामा यी निवेदकलाई एक वर्षमात्र कैद हुने ठहरेको र जरीवाना नहुनुको अतिरिक्त सरकारी वा कुनै सार्वजनिक संस्थाको बिगो तिर्न बुझाउन पर्ने ठहरेको नभई विदेशी विनिमय अपचलन गरिएको बिगो जफत हुने ठहरेकोसम्म देखिँदा त्यस्तो बिगोबापत बिगोबमोजिम पूरै रकमको धरौटी वा जेथा जमानी लिनुपर्ने कानूनी प्रावधान नरहेकोले सहरजिष्ट्रारबाट उक्त मिति २०६६।१।१३ मा भएको वेरीतको आदेश बदर हुने ।

प्राप्त प्रतिवेदनबाट यी निवेदक थुनामा गइसकेको अवस्था समेत हुँदा पछि दोहोऱ्याउने निस्सा भएमा अ.वं.१९४ नं. को देहाय ६ अनुसार जफत हुने ठहरेको बिगोबापत पनि धरौट वा जमानी लिन पर्ने भए आवश्यकता र उपयुक्तताको आधार समेत खुलाई धरौट वा जमानीको अङ्क यकीन गर्न सकिने नै हुनाले हाललाई अरु रीत पुगेको भए निवेदकले दर्ता गर्न ल्याएको दोहोऱ्याई पाउने निवेदन कानूनबमोजिम दर्ता हुने ।

इति संवत् २०६६ साल वैशाख २१ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री प्रेम शर्मा**, २०६६ सालको रिट नं. ०६६-WO-००३, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता मुकुन्द न्यौपाने वि. काठमाडौं जिल्ला अदालत समेत*

अदालतबाट भएको अन्तिम फैसलाले लागेको जरीवाना असूल गर्ने क्रममा साधिकार

अधिकारी काठमाडौं जिल्ला अदालतका तहसिलदारबाट ठेकिएको कैदी पूर्जीबमोजिम थुनामा राखिएको देखिएको हुँदा वन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुनामुक्त गर्न नमिल्ने ।

इजलास अधिकृत : बिदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल साउन १२ गते रोज २ शुभम् ।

**४.**

**मा.न्या. श्री भरतराज उप्रेती,** २०६५-RE-०१३६, विदेशी मुद्राको प्रयोग शर्तअनुसार नगरेको, *भीमेन्द्रकुमार गोयल वि. नेपाल सरकार*

विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ४ को उपदफा (३) र (४) अन्तर्गतको कसूरमा निवेदकलाई ऐ. को दफा १७(१) बमोजिम अपचलन गरेको बिगो रु.१,१७,४२,९३६।५८ जफत गरी जफत हुने बिगो प्रतिवादीबाट भराई लिन लगत राख्नु भनी काठमाडौं जिल्ला अदालतबाट २०६१।१०।२८ मा भएको फैसला पुनरावेदन अदालत पाटनबाट २०६२।९।२१ मा सदर हुने ठहरी फैसला भएको देखियो । यी दुवै अदालतमा मुद्दा चली फैसला हुँदाका अवस्था आफू गैरहाजिर रहेको व्यहोरा निवेदकले २०६६।१।२० मा दायर गरेको मुद्दा दोहोर्‍याई हेरी पाउँ भन्ने निवेदनमा उल्लेख गरेको पाइयो । काठमाडौं जिल्ला अदालतबाट उल्लिखित बिगो जफत हुने र जफत हुने बिगो यिनै निवेदक प्रतिवादीबाट भराई लिन लगत राख्नु भनी भएको फैसला अन्यथा नभएको अवस्थामा २०६६।२।३१ मा यस अदालतका सहरजिष्ट्राबाट भएको आदेश वेरीतको भन्ने देखिन नआएकाले परिवर्तन गर्नु नपर्ने ।

इति संवत् २०६६ साल साउन १८ गते रोज १ शुभम् ।

प्रकाशन मिति: २०६६।४।२७ - सम्पादक

## सर्वोच्च अदालत गतिविधि

सर्वोच्च अदालतले २०६३ सालमा प्रकाशित गरेको विषयगत नजीर संग्रहलाई स्थायित्व दिँदै वार्षिक रुपले प्रकाशन गर्ने निर्णय गरिएको छ । यसका लागि ११ विषय निर्धारण गरिएका छन् । प्रति विषय १ का दरले ११ जना संयोजक तोकी प्रत्येक समूहबाट ६ जना कानूनविद् मनोनीत गर्न संयोजकहरूलाई अनुरोध गरिएको थियो । प्रत्येक समूहलाई सघाउन ११ वटा कार्यसम्पादन समिति पनि गठन भएको छ । संयोजकहरूबाट प्राप्त समिति सदस्यहरूको नाम र कार्यसम्पादन समिति निम्नानुसार छः

### १ . संवैधानिक कानून

- वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की -संयोजक
- अधिवक्ता श्री रामकृष्ण निराला
- अधिवक्ता श्री पूर्णमान शाक्य
- अधिवक्ता श्री कुमार रेग्मी
- अधिवक्ता श्री माधवकुमार वस्नेत
- अधिवक्ता श्री कमलराज थापा
- अधिवक्ता अमीता श्रेष्ठ

**कार्य सम्पादन समिति**

- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री उमेश कोइराला
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

### २. सार्वजनिक सरोकार

- वरिष्ठ अधिवक्ता श्री श्रीहरि अर्याल - संयोजक
- अधिवक्ता प्रा.श्री गुणनिधि न्यौपाने

- अधिवक्ता श्री सुनीता रेग्मी पोखरेल
- अधिवक्ता श्री चन्द्रकान्त ज्ञवाली
- अधिवक्ता श्री मदनकुमार डंगोल
- अधिवक्ता श्री ज्योती वानियाँ
- अधिवक्ता श्री रत्नकुमार खरेल

**कार्य सम्पादन समिति**

- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री विदुर कोइराला
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

## ३. मानव अधिकार तथा लैगिक न्याय

- अधिवक्ता श्री मीरा ढुंगाना - संयोजक
- अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठक
- अधिवक्ता श्री कर्णबहादुर थापा
- अधिवक्ता सहप्राध्यापक श्री शशी अधिकारी
- अधिवक्ता श्री रुपनारायण श्रेष्ठ
- अधिवक्ता श्री सुषमा गौतम
- अधिवक्ता श्री मञ्जु मरासिनी

**कार्य सम्पादन समिति**

- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री दीपककुमार खरेल
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

## ४. देवानी कानूनः सम्पत्ति

- वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल- संयोजक
- अधिवक्ता श्री यदुनाथ खनाल
- अधिवक्ता श्री पूर्णचन्द्र पौडेल
- अधिवक्ता श्री युवराज भण्डारी
- अधिवक्ता श्री बाबुराम दाहाल
- अधिवक्ता श्री दयाराम हुमागाई
- अधिवक्ता श्री शान्ता सेढाई

**कार्य सम्पादन समिति**

- सहरजिष्ट्रार श्री विनोद शर्मा
- उपसचिव श्री युवराज गौतम
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

## ५. देवानी कानूनः पारिवारिक

- वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेल-संयोजक
- अधिवक्ता श्री द्वारिकामान जोशी
- अधिवक्ता श्री उषा मल्ल पाठक
- अधिवक्ता श्री श्यामप्रसाद पाण्डे
- अधिवक्ता श्री रमेशप्रसाद गुरागाई
- अधिवक्ता श्री श्रीधर भण्डारी
- अधिवक्ता श्री ईश्वरी महर्जन

**कार्य सम्पादन समिति**

- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री कृष्णप्रसाद सुवेदी
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

## ६. फौजदारी कानूनः सरकार बादी

- नायव महान्यायाधिवक्ता
  श्री सूर्यप्रसाद कोइराला - संयोजक
- अधिवक्ता श्री लभकुमार मैनाली
- अधिवक्ता श्री अनिता सापकोटा चापागाई
- अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा
- अधिवक्ता श्री गोपाल अर्याल
- अधिवक्ता श्री अख्तर अली अन्सारी
- अधिवक्ता श्री कृष्णप्रसाद वस्याल

**कार्य सम्पादन समिति**

- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री दीपकुमार दाहाल
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

**७. फौजदारी कानून: दुनिया वादी**
- वरिष्ठ अधिवक्ता श्री महादेव यादव- संयोजक
- अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी
- अधिवक्ता श्री रामप्रसाद आचार्य
- अधिवक्ता श्री विजयकुमार सिंह
- अधिवक्ता श्री केशवराज अर्याल
- अधिवक्ता श्री ताराप्रकाश पौडेल
- अधिवक्ता श्री किरणकुमारी गुप्ता

**कार्य सम्पादन समिति**
- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री श्रीप्रसाद संजेल
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

**८. कार्यविधि कानून: देवानी**
- वरिष्ठ अधिवक्ता श्री खेमनारायण ढुंगाना -संयोजक
- वरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौला
- अधिवक्ता श्री गोविन्द पौड्याल
- अधिवक्ता श्री शिवराज अधिकारी
- अधिवक्ता श्री नागेन्द्र यादव
- अधिवक्ता श्री शान्तिदेवी खनाल
- अधिवक्ता श्री प्रेमसिँह धामी

**कार्य सम्पादन समिति**
- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री विष्णुप्रसाद अर्याल
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

**९. कार्यविधि कानून: फौजदारी**
- अधिवक्ता श्री शम्भु थापा - संयोजक
- अधिवक्ता श्री ध्रुवनाथ पन्त
- अधिवक्ता श्री विजयकान्त मैनाली
- अधिवक्ता श्री माधव बाँस्कोटा
- अधिवक्ता श्री कृष्ण थापा
- अधिवक्ता श्री पूर्णप्रसाद राजवंशी
- अधिवक्ता श्री बसन्ती श्रेष्ठ

**कार्य सम्पादन समिति**
- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री पूर्णेश्वरप्रसाद उपाध्याय
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

**१०. उद्योग, वाणिज्य र कर**
- वरिष्ठ अधिवक्ता श्री कमलनारायण दास -संयोजक
- अधिवक्ता श्री कोमलप्रकाश घिमिरे
- अधिवक्ता श्री अनीलकुमार सिन्हा
- अधिवक्ता प्रा.श्री कुमार इङ्नाम
- अधिवक्ता श्री थानेश्वर काफ्ले
- अधिवक्ता श्री भेषराज न्यौपाने
- अधिवक्ता श्रीमती अन्जु उप्रेती

**कार्य सम्पादन समिति**
- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री राजेन्द्र अधिकारी
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

**११. राष्ट्र सेवक कर्मचारी**
- अधिवक्ता श्री हरिप्रसाद उप्रेती -संयोजक
- अधिवक्ता श्री बालकृष्ण नेउपाने
- अधिवक्ता श्री जगन्नाथ महतो सिंह
- अधिवक्ता श्री शरद कोइराला
- अधिवक्ता श्री बल्लभ बस्नेत
- अधिवक्ता श्री केशव कार्की
- अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल)

**कार्य सम्पादन समिति**
- सहरजिष्ट्रार श्री विनोद शर्मा
- इजलास अधिकृत श्री कविप्रसाद न्यौपाने
- सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा